सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १९ ♦ २०८२ साल भदौ २२ आइतवार ♦ 7 Sep 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेशमा बोरिङ गाडिन्छ, सञ्चालन गरिँदैन

**शैलेन्द्र महतो**

**भदौ २१ गते, बर्दिवास**



मधेश प्रदेशले यसपालि खडेरीको मार खेप्यो । सुक्खा संकटग्रस्त घोषणापछि प्रधानमन्त्री केपी शर्मा ओलीले सिंचाइका लागि ५०० डिप ट्युबेल गाड्ने घोषणा गरे । प्रधानमन्त्रीको घोषणापछि बारा महागढीमाई नगरपालिका-८, जोलगावाका स्थानीय आश्चर्यचकित भए । कारण थियो- ३० वर्षअघि तत्कालीन पर्शुराम गाविस-१ का वडाध्यक्ष हरि महतोको पहलमा गाडिएका डिप ट्युबेल अहिलेसम्म सञ्चालनमा आएका छैनन् । यहाँका किसान मोटर लगाएर सिंचाइ गर्न बाध्य छन् ।

नागेन्द्र महतो भन्छन्, 'हाम्रो गाउँको बोरिङ तीन दशकदेखि सञ्चालनमा ल्याइएन । प्रधानमन्त्रीले ५०० बोरिङ गाडेर तुरुन्त चलाउने भन्नु त मजाक जस्तै हो ।'

धनुषा बटेश्वर गाउँपालिका-१, २ भूचक्रपुर र चित्ररपुरमा गाडिएको डिप ट्युबेलको अवस्था पनि उस्तै छ । झन्डै तीन दशकअघि भूचक्रपुर र चित्रपुरमा कृषि तथा पशुपंछी विकास मन्त्रालयअन्तर्गत रहेको कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र नक्टाझिजबाट दुवै बोरिङ जडान गरिएको थियो ।

गाडेको तीन दशकसम्म बोरिङ सञ्चालनमा ल्याइएन । वर्षाको भरमा खेतीपाती गर्न गाह्रो भएपछि किसानले खेतमा आँपको बगैँचासहितको रुख-बिरुवा लगाइदिए । चित्रपुरका स्थानीय देवेन्द्र महतो भन्छन्, 'बोरिङ गाडियो । तर सञ्चालनमा ल्याइएन । सिंचाइ अभावमा खेती गर्न समस्या आएपछि सबै किसानले पालैपालो आँप लगाइदिए । अहिले दुवै बोरिङ अलपत्र अवस्थामा छन् ।'

महोत्तरी पिपरा गाउँपालिका-७ रतौलीमा सिंचाइ अभावमा साउन तेस्रो सातासम्म धान रोपाइँ भएन । तर दुई दशकअघि गाडिएको १४ इन्चको बोरिङ बन्द अवस्थामा छ । प्रबर्द्धन केन्द्रका सूचना अधिकारीका

बाँकी पृष्ठ २

## बर्दीबास-१० र ११ हुँदै जाने वनपथ-खयरमारा सडक विवादमा

**रबिन्द्र उप्रेती**

**भदौ २१ गते, बर्दिवास**



निर्धारित समयमै निर्माण सम्पन्न हुन नसक्दा बर्दीबास नगरपालिका-१० र ११ हुँदै जाने वनपथ-खयरमारा सडक विवादमा तानिएको छ । केवल पाँच किलोमिटरको यो सडक ठेकेदारको ढिलासुस्ती, बजेट विवाद र प्रशासनिक कमजोरीले निर्माण सुरु भएको चौथो वर्ष बित्न लाग्दा पनि बन्ने नबन्ने अनिश्चित छ ।

लम्बाइ सानो देखिए पनि यो सडकले पूर्वपश्चिम लोकमार्ग हुँदै दक्षिणमा भारतीय सीमा र उत्तरमा खयरमारा-मरिनखोला हुँदै मदन भण्डारी राजमार्गलाई जोड्ने भएकाले यसको व्यापारिक र रणनीतिक महत्व उच्च छ । नगरप्रमुख प्रह्लाद क्षेत्रीका अनुसार यो सडक बर्दीबासका विकट भेगको विकासका आधार भएकोले काम चाँडो सक्न सम्बन्धित

बाँकी पृष्ठ ३ मा

NANDANI MULTIPLE INT'L COLLEGE
Affiliated to Rajarshi Janak University

ADMISSION
OPEN FOR 2025/2082

Programs Offered:
BCA-40 Students
BBA-40 Students

Scholarships available for up to 8 students.

Entrance Form Open

Apply Now

044-590545,9854031330
9708083865
Bardibas-1, Mahottari






शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
✓फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# मधेशमा बोरिङ गाडिन्छ,............

अनुसार त्यो बोरिङ धेरै पुरानो रहेकाले अब चल्ने अवस्थामा छैन । उक्त बोरिङ गाडेदेखि कहिल्यै सञ्चालनमा नआएको स्थानीय बताउँछन् ।

यी मात्र होइन, मधेशका ८ वटै जिल्लामा विभिन्न सरकारी निकायले गाडेका यस्ता सयौं डिप ट्युबेल वर्षौंदेखि बन्द अवस्थामा छन् ।

## मधेशमा ४५३ वटा डिप बोरिङ प्रयोगविहीन

मधेश प्रदेशमा ७६४ वटा बोरिङ छन् । ऊर्जा सिंचाइ तथा खानेपानी मन्त्रालय मधेश प्रदेश मातहतको निकायअन्तर्गत जम्मा ५१४ वटा डिप बोरिङ छन् भने कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र नक्टाझिजबाट ८ वटै जिल्लामा जडान गरिएका २५० वटा बोरिङ छन् । तर सञ्चालनमा आधा पनि छैनन् । मन्त्रालयले उपलब्ध गराएको तथ्यांकअनुसार ५१४ मध्ये सञ्चालनमा २२१ वटा रहेका छन् । २९३ वटा प्रयोगविहीन अवस्थामा छ । सञ्चालनको लागि काम अधुरो रहेका २०७ वटा र मर्मत गर्नुपर्ने ८६ वटा छन् ।

सप्तरीमा ६५ वटा डिप ट्युबेल रहेकोमा २१ वटा पूर्ण सञ्चालनमा छन् भने ४४ वटा प्रयोगविहीन अवस्थामा छन् ।

सिरहामा ७९ वटा रहेकोमा २८ वटा सञ्चालनमा छन् भने ५१ वटा प्रयोगविहीन छन् ।

धनुषामा ४१ वटा रहेकोमा १३ वटा सञ्चालनमा छन् भने २८ वटा प्रयोगविहीन छन् ।

महोत्तरीमा ५२ वटामध्ये २९ वटा सञ्चालनमा छन् भने २३ वटा प्रयोगविहीन छन् ।

सर्लाहीमा ९८ वटामध्ये ४२ वटा मात्र सञ्चालनमा छन् भने ५६ वटा अधुरो प्रयोगविहीन छन् ।

रौतहटमा ६८ वटा रहेकोमा ३९ वटा सञ्चालनमा छन् २९ वटा प्रयोगविहीन छन् ।

बारामा ६२ वटा रहेकोमा २३ वटा मात्र सञ्चालनमा छन् भने ३९ वटा प्रयोगविहीन छन् ।

पर्सामा ४९ वटा रहेकोमा २६ वटा सञ्चालनमा छन् भने २३ वटा प्रयोगविहीन अवस्थामा र हेको मन्त्रालयले जनाएको छ ।

कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र नक्टाझिजबाट मधेश प्रदेशमा ८ वटै जिल्लामा २५० वटा बोरिङ जडान भएकोमा आधासमेत सञ्चालनमा छैनन् ।

सूचना अधिकारी मनोजकुमार चौधरीका अनुसार २०३३ सालदेखि हालसम्म जडान भएका २०५० बोरिङमध्ये हालसम्म ९० वटा पूर्ण रूपमा सञ्चालनमा छन् । जसमा ९० वटा दक्षिणी भेगमा आर्टिजन बोरिङ छन् ।

पानीको सतह तल गएपछि स्वतः चल्ने आर्टिजन बोरिङ धेरैमा पानी आउँदैन । करिब २५ वटा मर्मत हुने अवस्थामा समेत छैन । बाँकी ४५ वटा विद्युतीकरण, उपकरण, व्यवस्थापन लगायत विविध कारणले अलपत्र अवस्थामा छन् ।

'धेरै पहिले गाडिएको बोरिङमा डिजेल इन्जिन थियो । त्यसमा कतिपय मर्मत गरेर पनि सञ्चालनमा ल्याउन सक्ने स्थिति छैन,' सूचना अधिकारी चौधरीले भने, 'चल्ने स्थितिमा रहेकामा कतै विद्युतीकरणको समस्या छ । बजेटको अभाव छ ।'

चौधरीका अनुसार एउटा डिप बोरिङ सञ्चालनमा ल्याउन नालासम्म निर्माण गरेर ९७ लाखदेखि १ करोड २० लाख रुपैयाँ पर्छ । एउटा डिप बोरिङबाट २० देखि ४० हेक्टर सम्म सिंचाइ हुन्छ ।

विद्युतीकरण, मर्मत-सम्भार र सरकारी निकायको उदासिनताले वर्षौंदेखि बन्द हुँदा किसान खडेरीको मारमा छन् । भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, जलेश्वर महोत्तरी इन्जिनियर अमलेश यादव विद्युतीकरण, सामान्य मर्मत, ट्रान्सफर्मर जडान, पम्प मर्मत, पाइपलाइन विस्तार तथा पुराना इन्जिन बदल्नुपर्ने जस्ता कारणले बन्द अवस्थामा छन् ।

## सिंचाइ मन्त्रालयका सशर्तका ६७ डिप ट्युबेल वर्षौंदेखि अधुरै

मधेश सरकार मातहत रहेका ५१४ ट्युबेलमध्ये संघीय सरकारले सशर्त हस्तान्तरण गरेका ६७ वटा डिप ट्युबेल प्रणाली सिंचाइ योजना वर्षौंदेखि अधुरा छन् । संघ सरकारले मधेश सरकारलाई २०७४/७५ मा हस्तान्तरण गरेकामध्ये ६७ वटा डिप ट्युबेल भूमिगत सिंचाइ योजना अझै पूरा हुन सकेको छैन ।

मधेश सरकारको ऊर्जा सिंचाइ तथा खानेपानी मन्त्रालयको सिंचाइ महाशाखाले उपलब्ध गराएको तथ्यांकअनुसार ६७ अलपत्र सिंचाइ योजनामध्ये सर्लाही र रौतहटमा २४ वटा छन् । यस्तै बारा र पर्सामा २२ वटा, धनुषा र महोत्तरीमा १२ वटा छन् भने सप्तरी र सिर हामा ९ वटा रहेका छन् । २०७२ देखिका ससर्तका यस योजनामा गत आर्थिक वर्ष २०८१/०८२ मा त संघ सरकारले बजेट नै छुट्याएन ।

६७ वटै डिप ट्युबेल सिंचाइ प्रणालीले पूर्णता पाउन १ अर्ब २१ करोड ५१ लाख ५० हजार रुपैयाँ लाग्ने मन्त्रालयले जनाएको छ । वर्षेनी थोरथोरै





बजेट छुट्याउँदा हालसम्म यी योजनाले पूर्णता पाउन नसकेको मन्त्रालयका निमित सचिव रामकुमार खंगको भनाइ छ ।

## ६ इन्चका पावर ड्रिल बोरिङ ५७८ वटा प्रयोगविहीन

महोत्तरी पिपरा गाउँपालिका-८ रतौलीमा आर्थिक वर्ष २०७५/०७६ मा ७ वटा ६ इन्चका पावर ड्रिल बोरिङ गाडियो । भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, जलेश्वर महोत्तरीबाट गाडिएको बोरिङ अहिलेसम्म सञ्चालनमा आएका छैनन् । बिजुलीको पोल गाडिएको छ । त्यसपछि न तार जडान भयो, न त मोटर । स्थानीय दशरथ दासका अनुसार रतौलीमा १ हजार ५०० बिघामा धान रोप्ने गरिएको छ । 'गाडिएको बोरिङ सञ्चालनमा आएको भए केही खेतमा समयमै रोपाइ हुन्थ्यो होला,' दशरथ भन्छन्, 'अब वर्षाको भर पर्नु बाहेक अर्को विकल्प छैन ।'

सिंचाइ विकास डिभिजन कार्यालयका इन्जिनियर अमलेश यादवका अनुसार, बोरिङहरू उपभोक्ता समितिहरूबीचको विवादका कारण सञ्चालनमा आउन सकेका छैनन् । उर्जा सिंचाइ तथा खानेपानी मन्त्रालयका अनुसार मधेशका आठवटै जिल्लामा ९४० वटा पावर ड्रिल बोरिङ गाडिएको छ । तर सञ्चालन अवस्था भने डिप बोरिङको भन्दा कम छैन । ९४० मध्ये सञ्चालनमा ३६२ वटा मात्र रहेको मन्त्रालयको तथ्यांक छ । ५७८ वटा प्रयोगविहीन अवस्थामा छन् । ४७६ वटा अधुरो अवस्थामा छन् भने १०२ वटा मर्मत सम्भार गर्नुपर्ने अवस्था रहेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका निमित्त सचिव रामकुमार खंग मधेशमा सर कारले पुराना बोरिङमा बजेट दिन छाडेपछि अलपत्र परेका हुन् । 'पछिल्लो समय पावर ड्रिलहरू धेरै गाडिएका छन् । तर कतै बिजुली जडान बाँकी छ । कतै मोटर जडान गर्नुपर्ने छ । सरकारले बजेट दिन छाडेको छ,' खंग भन्छन् ।

## बोरिङ गाडिन्छ, नियमन हुँदैन

खानेपानी तथा सिंचाइ क्षेत्रका जानकार इन्जिनियर रत्नेश्वर लाल कर्ण बोरिङ गाड्ने काम मात्रै भएको तर सञ्चालनमा आए/नआएको नियमन नहुँदा धेरैजसो प्रयोगविहीन भएको बताउँछन् ।

'बोरिङ गाडेपछि चलेको छ/छैन, सिंचाइका लागि पानी पुग्यो/पुगेन भनेर नियमन हुनु आवश्यक छ । अहिलेका धेरैजसो बोरिङ सञ्चालनमै नआउने अवस्था देखिएको छ,' उनले भने ।

डिप ट्युबेल, स्यालो ट्युबेल वा पावर ड्रिल जस्ता प्रणाली गाड्ने निकाय धेरै हुँदा समस्या थपिएको उनले बताए । नक्टाझिज प्रवर्द्धन केन्द्र, कृषि मन्त्रालय, खानेपानी तथा ऊर्जा मन्त्रालयका विभिन्न निकायले आ-आफ्नै ढंगले बोरिङ गाड्छन्, तर समन्वय अभावले काम प्रभावकारी नभएको उनको तर्क छ ।

ऊर्जा सिंचाइ तथा खानेपानी मन्त्रालयका निमित सचिव रामकुमार खंग सिंचाइ बोरिङ धेरै गाड्दा त्यसले खानेपानीको समस्या हुनसक्ने बताउँछन् ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# बर्दिवासमा सहकारीहरु धमाधम ........

देखिएको कतिपयको बिश्लेशन छ ।

तर एकीकृत बचत ऋण सहकारी संस्थाका कोषाध्यक्ष डिग बहादुर श्रेष्ठले सार्वजनिक गरेको आर्थिक बर्ष २०८१/८२ को बार्षिक प्रतिवेदनमा भने ४० लाख ३६ हजार नाफा सार्वजनिक गरेका छन ।

कोषाध्यक्ष श्रेष्ठका अनुसार आम्दानी १ करोड ९४ लाख १५ हजार ६ सय ६२ मध्ये १ करोड ५४ लाख १२ हजार २४ रुपैयाँ खर्च भएसगैं उक्त रकम पुर्ण नाफा भएको हो ।

यो रकम पनि ऋण जोखिम व्यवस्थापन गर्नुपुर्वको भएको संस्थाका अध्यक्ष उत्तम कुमार श्रेष्ठले जानकारी दिए । अहिले भने लेखा परिक्षणमा उल्लेख भएजस्तै अवस्था रहेको अध्यक्ष श्रेष्ठको भनाई छ ।

सहकारी विभाग प्रमुख महेश भट्टले संस्था घाटामा रहेपनि सदस्यहरुलाई गुनासो नआउने गरि गरिएको कामको प्रशंसा गरे ।

२०७७ सालमा स्थापना भएको संस्थामा अहिलेसम्म ३ हजार १ सय ९६ जना सदस्यहरु पुगेका छन । छोटो समयमा नै सदस्यहरुको बिस्वास जित्न सफल भएको भन्दै सहभागी अथितिहरुले प्रशंसा गरे ।

संस्थामा १ करोड ८० लाख ७४ हजार ४ सय सेयर रकम नै जम्मा भएको र कुल बचत नै १२ करोड ४१ लाख ५२ हजार १ सय ३३ रुपैयाँ रहेको संस्थाले जनाएको छ ।यही साधारण सभादेखि नै सदस्यहरुको दु:ख, सु:खको सार थी वन्ने उदेश्यले सदस्य सुरक्षा कोषको नयाँ प्रस्ताव समेत अगाडि वढाएको संस्थाका अध्यक्ष उत्तम कुमार श्रेष्ठले जानकारी दिए ।

'आगामी दिनमा उत्पादनशिल क्षेत्रमा लगानी वढाउने, डिजिटल सेवालाई थप प्रभावकारी वनाउने गरि प्रतिवद्ध वनेका छौ ।' अध्यक्ष श्रेष्ठले भने । 'यस्ता विषयहरुलाई प्रभावकारी कार्यान्वयनमा भुमिका खेल्ने विषयमा केन्द्रित वन्नेछौ ।झ

यही अवसरमा प्रमुख अथितिकोरुपमा सहभागी भएका सहकारी तथा गरिबी निवारण मन्त्री जनार्दन सिंहले समस्याग्रस्त वनाउनेमा पहुँचवालाहरुको नै भएको वताए । सहकारी ठगी प्रकरणमा मुछिएका रवि लामिछानेप्रती लक्षित गर्दै मन्त्री सिंहले ठगीलाई प्रतिसोध ठान्नेहरुको कारण पनि समस्या सिर्जना भएको उन्को भनाई छ।

# 'मोहम्मद डे' मनाइयो

**खबर दर्पण समाचारदाता**
**भदौ २२ गते, बर्दिवास**

विश्वभरका मुस्लिम समुदायले इस्लाम धर्मका प्रवर्तक तथा अन्तिम सन्देशवाहक पैगम्बर हजरत मोहम्मद मुस्ताफा सल्लल्लाहो अलैहे वसल्लमको १५००औँ जन्मोत्सव 'मोहम्मद डे' अत्यन्त श्रद्धा, भक्ति र उल्लासका साथ मनाएका छन्। यसै अवसरमा महोत्तरी जिल्लाको औरही नगर पालिकामा पनि मुस्लिम समुदायले बाजागाजासहित ऱ्याली निकाल्दै मोहम्मद डे मनाएका हुन्। औरही नगर पालिका-१ स्थित मदिना ईदगाहबाट सुरु भएको ऱ्याली नगरपालिकाका वडा १ र २ का विभिन्न भाग परिक्रमा गरी पुन: मदिना ईदगाहमै पुगेर सम्पन्न भएको थियो।

ऱ्यालीमा सहभागीहरूले "नारा-ए-तकबीर, अल्लाहु अकबर" जस्ता धार्मिक नारासहित पैगम्बर मोहम्मदप्रति प्रेम र श्रद्धा व्यक्त गरेका थिए।

यस दिन मुस्लिम परिवारहरूले घर-घरमा हरियो झन्डा राख्ने परम्परा निर्वाह गरेका थिए।

# बर्दीबास-१० र ११ हुँदै जाने .....

निकायलाई पटक पटक आग्रह गर्दै आएको बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "फेरि पनि निर्माणमा लापर्बाही हुनु दुर्भाग्यपूर्ण हो ।" मधेश प्रदेश सरकारको एक प्रदेश निर्वाचन क्षेत्र, एक सडक कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७७/७८ मै डिपिआर तयार गरी निर्माण प्रक्रिया सुरु भएको थियो ।

पूर्वाधार विकास कार्यालय जलेश्वरका अनुसार आव २०७८/७९ मा पुष्पाञ्जली कन्स्ट्रक्सन प्रालि काठमाडौंले पाँच करोड ५८ लाख ६० हजार रुपियाँमा ठेक्का लिएर काम सुरु गरेको हो । ठेक्का अनुसार २०८० पुस मसान्तसम्म सडक निर्माण सम्पन्न गरिसक्नुपर्ने भए पनि हालसम्म एक हजार छ सय मिटर मात्र कालोपत्रे भएको छ । पूर्वाधार विकास कार्यालयका अनुसार ठेकेदार कम्पनीले करिब दुई करोड ६९ लाख रुपियाँ भुक्तानी पनि पाइसकेको छ ।

पूर्वाधार विकास कार्यालय महोत्तरीका इन्जिनियर एवं साइट इन्चार्ज विजय साहले बाँकी काम छिटो सक्न पटक पटक पत्राचार गरिनुका साथै ठेकेदार कम्पनीकै अनुरोधमा दुई पटक म्याद थप गरिए पनि सडक निर्माण अधुरै रहेको बताउनुभयो ।

यसैबिच काम सुरु गरेको देखाउन ठेकेदार कम्पनीले बाँकी खण्डमा दुई पटक प्राइम पनि गरेका थिए । कालोपत्रे गर्न ढिलाइ गर्दा दुवै पटकको प्राइम खेर गएको छ । बेस उप्किएर खाल्टाखुल्टी बढेकोले वनपथ-खयरमारा खण्डमा आवागमन कष्टकर बनेको छ । साइट इन्जिनियर साहले भन्नुभयो, "कालोपत्रे गर्न अब दुई हजार आठ सय मिटर मात्र बाँकी छ । सम्पर्क गर्दा ठेकेदारले छिट्टै काम सक्छु भन्छन् । दुई पटक प्राइम लगाएर २० लाख रुपियाँ जति खर्च पनि गरिसके । फेरि पनि काम अघि नबढाउनुका कारण हामीले पनि बुझ्न सकेनौँ ।"

पूर्वाधार विकास कार्यालयका अनुसार ठेकेदार कम्पनीले करिब दुई करोड ६९ लाख रुपियाँ भुक्तानी पाइसकेको छ ।

स्थानीय समाजसेवी पोषण थापाले भन्नुभयो, "२०८० पुसमै सम्पन्न भइसक्नुपर्ने पाँच किलोमिटर सडक पटक पटक म्याद थप गर्दा पनि ठेकेदारले अटेर गर्नु कसको कमजोरी हो ?"

# बर्दिबास सहकारीमा.........

हेका यी क्षेत्रका सदस्यहरुले सहज सेवा पाउन् सकुन् भन्ने उद्देश्यसाथ सेवा कार्यालय सञ्चालनमा ल्याइएका संस्थाले जनाएको छ ।

आज सम्पन्न १४ औं साधारणसभा समारोहमा उत्कृष्ट बचतकर्ता, उत्कृष्ट ऋणि र उत्कृष्ट सेयर सदस्यसहित ११ जनालाई सम्मानित गर्दै उपहारस्वरुप संस्थाको लोगो ( प्रतीक) चिन्ह अङ्कित घडी प्रदान गरिएको थियो । यसैगरी सामाजिक कार्यको क्षेत्रमा सेर सदस्यका सामुदायिक विद्यालयमा अध्ययन गर्ने कक्षा ११ र १२ का तीन जना जेहन्दार छात्रछात्रालाई छात्रवृतिस्वरुप जनही १५ हजार नगद प्रदान गरिएको व्यवस्थापक सिंहले जानकारी दिनुभयो । यसैगरी साधारणसभा समारोहमा उत्कृष्ट कर्मचारीलाई सम्मान गरिएको छ । संस्थाले यो चालु आर्थिक वर्ष २०८२/०८३ देखि कम्तीमा पाँच वर्षको सदस्यता भएका ७० वर्ष उमेर पूरा भएका सदस्यलाई मासिक ३०० रुपैयाँ भत्ता उपलब्ध गराउने १४ औं साधारणसभाले निर्णय गरेको छ।

संस्थाको १४ औं साधारणसभाले यसअघिदेखिको संस्थाको साखलाई अझ चहकिलो बनाउँदै पारदर्शिता, सदस्यमुखी र दिगो वित्तीय सेवाप्रति प्रतिबद्धता जनाएको छ । संस्थाको १४ औं साधारणसभा बर्दिबास नगरपालिकाका प्रमुख प्रहलादकुमार क्षत्रीको प्रमुख आतिथ्य र निवर्तमान अध्यक्ष शङ्करकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको हो ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोश्रो पटक प्रकाशित मिति :२०८२।०५।२२**

यस कम्पनीको मिति २०८०।०५।०२ मा सम्पन्न बिशेष साधारण समितिको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट समेत स्वीकृति प्राप्त भई साविक कम्पनी दुप्चेश्वर विल्डर्स. प्रा.लि.नं. १९०७३९० को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिनबाट व्यहोनु पर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तन नामको दुप्चेश्वर शुभम विल्डर्स प्रा.लि. अंग्रेजिमा Dupcheshwor Shubham Builders Pvt.Ltd. ले सकानु व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**थकित हुनु भनेको दुर्घटनाको निम्ति आमन्त्रण!**
"थकित अवस्थामा गाडी चलाउन नदिनुहोस्। सुरक्षित यात्रा गरौं, दुर्घटनाबाट बचौं!"
**मोबाइलमा भर नपर्नुहोस् ।**
"ड्राइभिङ गर्दा मोबाइल फोनको प्रयोग नगर्नुहोस्। ध्यान केन्द्रित गरौं, जीवन बचाऔं!"
**समयमै यात्रा गरौं, सुरक्षासाथ!**
"हातमा समय छ भने गाडीको गति कम गर्न नबिर्सनुहोस्। सुरक्षामा हरेक परिमाण महत्वपूर्ण छ!"

**मटिहानी नगरपालिका, महोत्तरी**

**Happy Birthday**

खबर दर्पण दैनिकका उपसम्पादक धर्वेन्द्र कुमार यादव यदुवंशीको कान्छी छोरी रिद्धि अधिकारी को प्रथम वार्षिकोत्सव अर्थात आज एक वर्ष पुरा भएको सुखद अवसरमा जन्म दिनको हार्दिक मंगलमय शुभकामना



अजय साह
(प्रकाशक तथा सम्पादक)
एवं

खबर दर्पण
राष्ट्रिय दैनिक

परिवार

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बचन:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**सम्सी गाउँपालिका, महोत्तरी**

**युवा सशक्तिकरण गरौं**

- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

**गौशाला नगरपालिका, महोत्तरी**

# बर्दिबास सहकारीमा नयाँ नेतृत्व




**खबर दर्पण समाचारदाता**

**भदौ २१ गते, बर्दिवास**

मधेश प्रदेशमै उत्कृष्ट मानिएको बर्दिबास बचत तथा ऋण सहकारी संस्थाले नयाँ नेतृत्व पाएको छ । संस्थाको आज शनिबार पञ्चधुरा माइस्थानमा सम्पन्न १४ औं साधारणसभाले नयाँ नेतृत्व चयन गरेको हो ।

संस्थामा यसअघिका कोषाध्यक्ष सन्तोसकुमार श्रेष्ठको अध्यक्षतामा नयाँ कार्य समिति सर्वसम्मत चयन भएको छ । निर्वाचित समितिमा रेणुका हमाल, मदनकुमार ठकुरी र हर्कबहादुर तामाङ् क्रमशः उपाध्यक्ष, सचिब र कोषाध्यक्ष हुनुहुन्छ। यसैगरी सदस्यहरुमा क्रमशः कृष्णकुमार श्रेष्ठ, हिमाली हमाल, अशोक महतो, सकुन्तला पोखरेल र खुरहरि अधिकारी निर्वाचित हुनुभएको छ। यस्तै साधारणसभाले लेखा तथा सुपरीवेक्षण समितिमा यसअघिका संयोजक माधवप्रसाद पोखरेललाई निरन्तरता दिदै सदस्यहरुमा कुमार भण्डारी र पर्शुराम जोशीलाई निर्वाचित गरेको संस्थाका व्यवस्थापक रमेशबहादुर सिंहले जानकारी दिनुभयो ।

अहिले करिब २३ करोड कारोबार पुऱ्याएको यो संस्थाको ऋण लगानी १८ करोड माथि रहेको छ। संस्थाको जगेडा कोष एक करोड ५२ लाखको छ । यसैगरी संस्थाले ऋण जोखिम कोषमा दुई करोड ८२ लाख रुपैयाँ छुट्याएको व्यवस्थापक सिंहले स्पष्ट पार्नुभयो ।

विक्रम सम्वत् २०६७ सालमा दर्ता भइ २०६८ साल जेठ १ गतेबाट विधिवत कारोबार सुरु गरेको यो संस्थामा हाल तीन हजार ६०० सदस्य नाघेका छन् । संस्थाले बर्दिबास नगर क्षेत्रभित्र सेवा प्रवाह गरीरहेको छ । बर्दिबास-१ मा मुख्य कार्यालय रहेको यो संस्थाको बर्दिबास-६ किसाननगर र बर्दिबास-१० खयरमारामा सेवा कार्यालय सञ्चालन गर्दै आएको छ । बर्दिबासचोकबाट टाढा र

बाँकी पृष्ठ ३

# बर्दिवासमा सहकारीहरु धमाधम घाटा सार्वजनिक गर्दै



**खबर दर्पण समाचारदाता**

**भदौ २१ गते, बर्दिवास**

महोत्तरीको बर्दिवास केन्द्रित सहकारीहरु समस्याग्रस्त अवस्थामा देखिएका छन ।

सहकारीहरुले नै सार्वजनिक गरेको स्वतन्त्र सार्वजनिक लेखा परिक्षणका रिपोर्टहरुले यसलाई पुष्टि गरेका छन ।

बर्दिवास सहकारी संस्थाले नोक्सान सार्वजनिक गरेसगैं शुक्रबार एकीकृत वचत तथा ऋण सहकारी संस्थाले पनि यस्तै प्रतिवेदन सार्वजनिक गऱ्यो । संस्थाको छैठो साधारणसभाको अवसरमा सार्वजनिक गरिएको लेखा प्रतिवेदनमा आर्थिक बर्ष २०८१/८२ मा ३ करोड ८० लाख ९४ हजार ८ सय ५ नोक्सान भएको उल्लेख गरिएको छ ।

प्रतिवेदनमा कर्जा जोखिम व्यवस्था गर्नुपुर्व संस्था ३६ लाख ५७ हजार ४ सय २८ रुपैयाँ नाफामा रहेतापनी कर्जा लगानी गरिएको रकममा नियअनुसार जोखिम व्यवस्था गर्दा उक्त रकम नोक्सानमा रहेको उल्लेख गरिएको छ ।

लगानीमा रहेका कर्जा मध्ये ६ करोड ६९ लाख २७ हजार २ सय ६७ रुपैयाँ भाखा नाघेको कारणले जोखिम खर्च बढन गएर नोक्सानमा गएको लेखा परिक्षणको प्रतिवेदनले पुष्टि गर`को छ ।

असार-३२ गतेको सहकारी प्राधिकरणको निर्देशनअनुसार ऋण जोखिम कोषमा पर्याप्त र कम व्यवस्थापन गर्नु परेको कारण संस्था घाटामा गएको

बाँकी पृष्ठ ३

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

भंगहा नगरपालिका, महोत्तरी

सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔ,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

मनरा शिस्वा नगरपालिका, महोत्तरी

सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔ,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

बर्दिवास नगरपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

एकडारा गाउँपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

जलेश्वर नगरपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

महोत्तरी गाउँपालिका, महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,